म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १२२ शुक्रबार, २४ मंसिर २०७८ सप्तमी ने. सं. ११४२ थिंलाथ्व 10 December, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सहमहामन्त्रीमा डिनाको दाबी कायमै

हेटौंडा/नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा मकवानपुरकी महालक्ष्मी डिना उपाध्यायले आफ्नो दाबी कायम राख्दै आएकी छन् । १४ औं महाधिवेशनमा डिनाले केन्द्रीय सहमहामन्त्रीमा आनो उम्मेदवारी दिने दाबी कायमै राखेकी हुन् ।

शेरबहादुर देउवा प्यानलबाट आफ्नो उम्मेदवारी दिने उनको तयारी छ । नेपाली कांग्रेसको केन्द्रीय सदस्यसमेत रहेकी डिना कांग्रेसको प्रखर र स्पष्ट वक्ताको रुपमा परिचित छिन् । उनले काँग्रेसलाई गतिशील बनाउन तथा एकताबद्ध भएर अघि बढाउन आफूले उम्मेदवारी दिने बताइन् । पार्टीको आन्तरिक जिम्मेवारी लिएर काँग्रेसलाई आउँदो निर्वाचनमा पहिलो पार्टी बनाउन आफ्नो भूमिका रहने उनको भनाइ छ ।

मकवानपुर जिल्लाबाट महाधिवेशनमा केन्द्रीय सदस्यमा उमा दाहालले उम्मेदवारी दिने बताउँदै आएकी छन् । मकवानपुर जिल्लाको दुई प्रतिनिधि क्षेत्रबाट २५/२५ जना गरी ५० जना महाधिवेशन प्रतिनिधि, २ जना क्षेत्रीय सभापति र केन्द्रीय सदस्य नेतृ डिनासहित ५३ जनाले महाधिवेशमा मतदान गर्न पाउनेछन् ।

# गाउँमा अटोको भाडादर तोक्ने तयारी, नगरमा मनलाग्दी

साझाकुरा संवाददाता



हेटौंडा/हेटौंडा उपमहानगरपालिकाले अटोको भाडादर समायोजन गर्न असफल भएका बेला गाउँमा भने अटोको भाडादर समायोजन गर्ने तयारी भएको छ ।

हेटौंडामा तत्कालिन नगरपालिका हुँदादेखि नै अटोको भाडादर समायोजन गर्ने प्रयास भएको थियो । विगतमा अटोको भाडादर तोकिएपनि त्यसको कार्यान्वयनमा हेटौंडा उपमहानगरपालिका चुक्दै आएको छ । नगरमा अटोहरुले मनलाग्दी भाडा लिएको बारे उपमहानगरमा गुनासो पुग्दापनि भाडादर कायम गर्नेदेखि त्यसलाई कार्यान्वयन गर्नमा भने उपमहानगरपालिका असफल बनेको थियो । अब हेटौंडासँगै सीमाना जोडिएको मकवानपुरगढी गाउँपालिकाले अटोको भाडादर तोक्ने तयारी गरेको छ ।

गाउँपालिकाभित्र सञ्चालित अटोले मनलाग्दी भाडा लिएको गुनासो गाउँपालिकामा गरेपछि कार्यालयले भाडादर समायोजन गर्ने तयारी गरेको हो । यद्यपि गाउँपालिकाले अटो व्यवसायीलाई छलफलमा बोलाएपनि उनीहरु उपस्थित नभएको जनाइएको छ ।

गाउँपालिकाले चाडपर्व अघि नै अटोको भाडादर तोक्ने तयारी गरेको थियो । अटो व्यवसायी र गाउँपालिकाबीच छलफल हुन नसक्दा भाडा समायोजन हुन सकेको छैन् । गाउँपालिकाका अध्यक्ष बिदुर हुमागाईंले अटोको भाडादर समायोजन गर्ने तयारी भइरहेको जानकारी दिए । उनले यातायात व्यवसायीहरुलाई छलफलमा बोलाएपनि बैठकमा उपस्थित नभएको बताए ।

पटक-पटक छलफलमा बोलाउँदा पनि व्यवसायीहरु नआउँदा गाउँपालिकाले बैठक बसेर भाडा समायोजन गर्न सक्ने बारे सचेत गराएका छन् । 'व्यवसायीहरुले अटेर गरेपछि भाडदर समायोजनको बैठक स्थानीय तहमात्र बसेर भाडाको उचित निर्धारण र रुट निर्धारण हुनेछ ।,' अध्यक्ष हुमागाईंले भने । हेटौंडाका विभिन्न स्थानबाट गाउँपालिकाको ५ र ६ नम्बर वडा, ३, ४ र २ नम्बर वडामा नियमित अटो सञ्चालन हुँदै आएका छन् । अटोहरुले मनलाग्दी भाडा लिने गरेका कारण स्थानीयले गाउँपालिकालाई भाडा समायोजनका लागि पटक-पटक आग्रह गर्दै आइरहेका छन् ।

अटो चालकहरुले आफ्नै तरिकाले यात्रुसँग भाडा उठाइरहेका छन् । त्यतिमात्र नभई अटो नै पिच्छे भाडापनि फरक-फरक हुने गरेको गुनासो आएको छ । यसरी अटो चालकहरुले मनलाग्दी भाडा उठाउन थालेपछि गाउँपालिकाले व्यवस्थित बनाउन खोजेको पाइएको छ । करिब ७ किलोमिटरको दुरीमा रहेको हेटौंडा-मक्रान्चुलीसम्मको भाडा अटोहरुले यात्रु हेरेर भाडा लिने गरेको पाइएको छ । निश्चित भाडा नतोकिँदा यात्रुहरु हैरानी भएका छन् । उक्त रुटमा अटो चालकहरुले यात्रु हेरी ५० रुपैयाँदेखि १ सय रुपैयाँसम्म भाडा लिने गरेको बुझिएको छ ।

गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा यातायात समिति गठन भएको थियो । तर, उक्त समितिले हालसम्म कुनै काम गर्न नसकेको पाइएको छ । समितिले कुनै काम अगाडि नबढाएको विषयमा आफ्नो ध्यानाकर्षण भएको र अब कार्यान्वयन लगिने गाउँ पालिका अध्यक्ष हुमागाईंले बताए ।

गाउँपालिकाभित्र साझा यातायातका बस समयअनुसार सञ्चालनमा छन् । बसले उचित भाडा लिँदै आएको बताइएको छ । तर, अटो चालकहरुले बसका कारण अटोमा चढ्ने यात्रु कम हुने भएकाले खर्च उठाउनका लागि पनि भाडा लिने गरेको गैरजिम्मेवारी भनाई दिने गरेका छन् ।

अटो चालकहरुले सम्बन्धित निकायबाट नियमित अनुगमन नहुँदा र भाडादर नतोक्दा यात्रुहरु चालकको मुडमा भाडा तिर्न बाध्य भएका हुन् । मकवानपुर गढीमा स्थानीय तह गठन हुनु अघिका कच्ची सडकमा अटोले लिने गरेका भाडा हालसम्म पनि कायमै छन् ।

तर, स्थानीयहरुले हाल पालिकाको अधिकांश क्षेत्रमा सडक पक्की भइसकेकाले भाडा घटाउनु पर्ने माग गरेका छन् । मक्रान्चुलीमा रहेको ईलाका प्रहरी कार्यालय मकवानपुरगढीले पनि अटोको भाडादरको विषयमा कुनै चासो नलिएको बताइएको छ ।

# पहिलो चेपाङ मन्त्री बन्न लागेका सन्तबहादुर झुक्किएपछि...

साझाकुरा संवाददाता

हेटौंडा/बागमती प्रदेशको भौतिक पूर्वाधार विकास राज्यमन्त्री बन्ने खबर पाएपछि हर्षित मुद्रामा घरबाट हिँडेका सन्तबहादुर चेपाङ एक्कासी झस्किए ।

नेपाली काँग्रेसबाट समानुपातिकतर्फ प्रदेशसभा सदस्य बनेका सन्तबहादुर चेपाङ आफ्नो समुदायबाट पहिलो मन्त्रीको ऐतिहासिक नाम लेखाउन आत्तुर छन् । उनको नाम मुख्यमन्त्री राजेन्द्र पाण्डे नियुक्तपछि विस्तार हुने मन्त्रिपरिषद्मा चर्चामै छ ।

काँग्रेस प्रदेश अधिवेशनका कारण मन्त्रिपरिषद् विस्तार रोकिँदा उनी अघि बढ्ने पाइला पनि रोकिएको थियो तर, बिहीबार सपथ ग्रहणनै रोकिएपछि आफ्नो घर मकवानपुरको राक्सिराङबाट हेटौंडातर्फ हर्षित हुँदै आइरहेका उनी बीच बाटोमै झस्किए ।

उनको प्रतिक्रिया यस्तो थियो- 'म बाटोमा छु, हेटौंडा आइपुगेर पार्टी कार्यालयबाट पत्र लिएर पार्टीको तर्फबाट मुख्यमन्त्रीलाई बुझाउन जान्छु', उनले भनेका थिए, 'आजै ५ बजे शपथग्रहण गराउने कुरा भएको छ । म तयार भएर आउँदै छु ।'

यस्तो प्रतिक्रिया दिँदै हर्षित भइरहेका सन्तबहादुर सपथ रोकिँदा निराश हुनु परेको हो । सन्तबहादुर राक्सिराङबाट हेटौंडा आइपुग्दासम्म पनि अन्य दलले भने मन्त्रिपरिषद् विस्तारबारे आफूलाई जानकारी नभएको बताइरहेका थिए । बागमती प्रदेश सरकारको प्रवक्तासमेत रहेका आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्ण खनालले बिहीबार मन्त्रिपरिषद् विस्तार गर्ने कुनै तयारी नरहेको बताए ।

उनले कांग्रेसको महाधिवेशन र माओवादीको प्रदेश अधिवेशनअघि बागमतीमा मन्त्रिपरिषद् विस्तार नहुने दाबीसमेत गरे । खनालले बिहीबार राज्यमन्त्री नियुक्त गर्ने विषयमा छलफल नै नभएको बताए । नेकपा माओवादी केन्द्रको संसदीय दलको नेतासमेत रहेका आर्थिक मामिला तथा योजनामन्त्री शालिकराम जम्कट्टेलले पनि बिहीबार मन्त्रिपरिषद् विस्तार हुनेबारे आफूलाई कुनै जानकारी नभएको बताए ।

उनले आफू मुख्यमन्त्री



राजेन्द्र पाण्डेसँगै रहेको भन्दै महाधिवेशनअघि मन्त्रिपरिषद् विस्तार नहुने जिकिर गरे । उनले भने, 'को माननीय शपथग्रहण खान आउँदै हुनुहुन्छ कुन्नी' मुख्यमन्त्री पनि यहीं हुनुहुन्छ, महाधिवेशनअघि मन्त्रिपरिषद् विस्तार हुँदैन भन्दै हुनुहुन्छ । उहाँको दौरा सुरुवाल फाट्ने भो ।' प्रदेश प्रमुखको कार्यालयले पनि शपग्रहणबारे आफूहरुलाई कुनै जानकारी नआएको बताएको छ । उता कांग्रेसका प्रदेशसभा सदस्य चेपाङ भने शपथग्रहण गर्न हेटौंडा आइपुग्न लाग्दासम्म यस विषयमा बेखबर थिए ।

शपथग्रहण स्थगनबारे उनीसँग प्रतिक्रिया लिँदा आफूलाई स्थगन भएको विषयमा कसैले जानकारी नदिएको उनले बताए ।

बाँकी पृष्ठ ४ मा...




# मकवानपुरका चार जना काँग्रेस प्रदेश सदस्यमा निर्वाचित

साझाकुरा संवाददाता

**मकवानपुरका चम्फुरत्न लामा, रामशरण माझी, जनकी गिरी र जानुकी लामा विजयी भएका छन् । मतपरिणामअनुसार लामाले ६८९, माझीले ८७८, गिरीले ९८१ र लामाले ९८१ मत ल्याएका छन् ।**

हेटौंडा/नेपाली कांग्रेस बागमती प्रदेश अधिवेशनबाट मकवानपुरका तीन जना सदस्यमा निर्वाचित भएका छन् ।

मतपरिणामअनुसार मकवानपुरका चम्फुरत्न लामा, रामशरण माझी, जनकी गिरी र जानुकी लामा विजयी भएका छन् । लामाले ६८९, माझीले ८७८, गिरीले ९८१ र लामाले ९८१ मत ल्याएर विजयी भएका हुन् ।

निर्वाचनमा कुल २०८३ मत खसेको थियो । नेपाली कांग्रेस बागमती प्रदेश सदस्यमा दोलखाबाट अनिता श्रेष्ठ ९२९, चित्रबहादुर कार्की ७३०, भक्तपुरबाट सुनिता खत्री ६७०, सुमन कार्की ८२७, सिन्धुलीबाट गंगा दाहाल १२०७, विवशकुमार वाइबा ९२१ मतका साथ विजयी भएका छन् ।

काठमाडौंबाट इन्दिरा चौलागाईं र सानुकान्छा श्रेष्ठ ७६९, रामेछापबाट कल्पना खड्का ८२६, जीतबहादुर मगर ९६३, रसुवाबाट शेषकुमारी अधिकारी ७१७, चितवनबाट कुमार कार्की ८१५, धादिङबाट श्यामकुमार लामा ८६७, देवकुमार कार्की ८६५, नुवाकोटबाट धनकुमारी थापा ८९०, र मणिराम केसी ८८० मत ल्याएर सदस्य निर्वाचित भएका छन् ।

निर्वाचन समितिका अनुसार सिन्धुपाल्चोकबाट कुमार दुलाल ९३१, काभ्रेबाट शान्ता क्षेत्री थापा ७०३, गुमान सिं लामा ७४४, ललितपुरबाट प्रविणा शर्मा १३२७, राजीवराज पौडेल ६४१ मत ल्याएर विजयी भएका छन् । यस्तै, प्रदेशसभा निर्वाचन क्षेत्रबाट महिलामा जानुकी गिरी, उर्मिला कँडेल, तारा पन्त, निर्मला पण्डित, विद्यादेवी घिमिरे, भद्र भण्डारी र सरु बानियाँ निर्वाचित भएका हुन् । खुलातर्फ १५ जना, आदिबासी जनजातिमा ८ जना निर्वाचित भएका छन् ।

## कर्मचारी आवश्यकता

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै लोकल कुखुराको लगायत मासुको आइटम स्वाद लिइ हेटौंडा-३, बसामाडि स्थित सञ्चालनमा रहेको यस होटलको लागि निम्न बमोजिमका कर्मचारीहरु आवश्यक परेको हुँदा सम्बन्धित काममा दक्ष तथा अनुभवीले तुरुन्त सम्पर्क गर्नुहोला ।

तपशलिः


वेटर- १ जना, कुक- १ जना, हेल्पर १ जना

**तलब/सुबिधाः आपसी समझदारीमा तय गरिनेछ ।**

## होटल म्याक्स

हेटौंडा-३, बसामाडी,
मो.नं. ९८४५०२५७२७



साझाकुरा

## हाम्रो कुरा

# प्रविधियुक्त शिक्षा आवश्यक

अहिलेको विश्व नै सूचना प्रविधिमय भएको अवस्थामा विद्यार्थीको सिकाईलाई प्रभावकारी बनाउन प्रविधिमैत्री शिक्षामा जोड दिनु अपरिहार्य भएको छ । विकसित देशहरुमा दशकौं अघिदेखि शिक्षामा प्रविधिको प्रयोग हुँदै आएको भए पनि हाम्रोजस्तो विकासोन्मुख मुलुकमा यसको प्रयोग भर्खर सुरु हुँदैछ । शिक्षामा प्रविधिको प्रयोग बढाउँदै नजाने हो भने विद्यार्थीलाई पठनपाठनप्रति आकर्षित गराउन र विद्यार्थीको सिकाई स्तर सुधार गर्न सकिँदैन ।

मुलुकको दिशा निर्धारण गर्ने महत्वपूर्ण माध्यम शिक्षा हो । देशलाई कुन दिशामा लैजाने भन्ने त्यो देशको शिक्षाको अवस्थाले धेरै हदसम्म निर्धारण गर्छ । अहिले विश्वमा सबैभन्दा धनी र विकसित मानिएका देशहरु सूचना प्रविधिकै माध्यमबाट अगाडि पुगेका हुन् । हामी पनि बल्ल सूचना प्रविधिको क्षेत्रमा बामे सर्दैछौं । अब फड्को मार्ने हिसाबले जनशक्ति तयार गर्न विद्यालय तहदेखि नै सूचना प्रविधिलाई अँगाल्न जरुरी छ । पछिल्लो समय शिक्षामा लगानी गर्ने क्रम बढेको छ । राज्यले बजेटको ठूलो हिस्सा शिक्षामा लगानी गर्दै आएको छ भने नागरिकले पनि शिक्षामा पर्याप्त लगानी गरिरहेका छन् । अहिले विद्यालय जाने उमेर समूहका अधिकांश बालबालिका स्कूल भर्ना भएका छन् । विगतमा विद्यालय शिक्षाबाट धेरै नेपाली वञ्चित हुनु परेको भए पनि अहिले अभिभावकहरुले धेरै दु:खकष्ट सहेर पनि आफ्ना बालबालिकालाई गुणस्तरीय शिक्षा दिनका लागि आर्थिक लगानी गरिरहेका छन् । तर, नेपालमा अझै पनि प्राविधिक, व्यावसायिक तथा सूचना, प्रविधिजस्ता विषयमा शिक्षा हासिल गर्न सहज छैन । अधिकांश नेपाली बालबालिका ज्ञानमा आधारित शिक्षा आर्जन गर्दै आइरहेका छन् । शिक्षामा ज्ञान त चाहिन्छ नै, तर ज्ञानले मात्र जीवन चल्दैन । अब शिक्षालाई ज्ञान, सीप, विज्ञान र प्रविधिमा आधारित बनाउन जरुरी छ । त्यसका सूचना तथा सञ्चार प्रविधिलाई विद्यालयतहकै शिक्षामा समावेश गरेर अघि बढ्नु आवश्यक छ ।

अहिले अधिकांश विद्यालयको आधारभूत तह (कक्षा ६-८) मा कम्प्युटर विषयको पठनपाठन हुने गरे पनि यससँग सम्बन्धित जनशक्ति छैन भने प्रयोगात्मक कार्यका लागि कम्प्युटर ल्याबको व्यवस्था पनि छैन । अर्कोतर्फ अन्य विषयको पठनपाठनमा पनि सूचना प्रविधिको प्रयोग शून्यप्राय: देखिन्छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोगले शिक्षण विधिलाई प्रभावकारी बनाउने र सिकाई उपलब्धि वृद्धि गर्ने हुँदा शैक्षिक गुणस्तर सुधारमा निकै सहयोग गर्दछ । त्यसैले शिक्षा क्षेत्र राज्यको लगानी पर्याप्त बनाउँदै शिक्षालाई प्रविधिमैत्री बनाउनु आवश्यक छ । राज्यले लगानी वृद्धिसँगै उचित प्रतिफल प्राप्तिका लागि प्रभावकारी योजना बनाएर शिक्षामा सूचना प्रविधिको विस्तार गर्न ढिला गर्नु हुँदैन । साधारण शैद्धान्तिक शिक्षाभन्दा सीपमूलक शिक्षाले व्यवहारिक ज्ञान दिने भएको र बजारमा पनि प्राविधिक जनशक्ति सजिलै बिक्ने कारण प्राविधिक शिक्षाप्रति आकर्षण बढ्नु स्वभाविक हो । तर, प्राविधिक शिक्षाको विस्तारसँगै शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई पनि जोड दिनु अत्यावश्यक भइसकेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ मंसिर २५ गते शनिबार ११ डिसेम्बर २०२१ । मार्ग कृष्ण अष्टमी । थिंलाथ्व अष्टमी ११४१ । सूर्योदय ६:४४ र सूर्यास्त ५:०९ मा हुनेछ । अन्तर्राष्ट्रिय पर्वत दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अध्ययनमा बाधा | तुला | : आफन्तजन भेट |
| वृष | : धन प्राप्ति | वृश्चिक | : भित्रजन भेट |
| मिथुन | : शत्रुबाट मुक्त | धनु | : प्रेममा सफलता |
| कर्कट | : धन नष्ट | मकर | : शुभ कार्यको थालनी |
| सिंह | : मिष्ठान्न भोजन | कुम्भ | : सुख प्राप्ति |
| कन्या | : आलश्यता | मीन | : यात्राको योग |

# किन लोकप्रिय छन् नेपालमा राजनीतिक दलहरू ?



लक्ष्मण पन्त

❝ मुलुकको दुरवस्थाका लागि दलहरूलाई गाली गर्नु र अर्कोतिर तिनै दलहरूप्रति जनताको आकर्षण देखिनु कसैकसैका लागि राजनीतिक र समाजशास्त्रीय पहेंली हुन सक्छ । तर मुलुकमा दलहरूप्रति जनतामा देखिएको जबरजस्त आकर्षणका पछाडि ती दलहरूको विगतको बलिदानीपूर्ण संघर्षको इतिहास र दलहरूले नै मुलुकको उद्धार गर्न सक्छन् भन्ने जनविश्वास नै हो । ❞

एमालेले चितवनमा लाखौं कार्यकर्ता उतारेर दशौं महाधिवेशनको उद्घाटन गरेको छ । एमालेभन्दा कमजोर संगठन कांग्रेसको पनि छैन । माओवादी पनि मुलुककै ठूलो मध्येको शक्तिशाली पार्टी हो । एमालेपछि कांग्रेस र माओवादी दल यतिखेर आआफ्ना महाधिवेशन र राष्ट्रिय सम्मेलनको चरणमा छन् । यी तीनै दल वरपर केन्द्रित जनता र कार्यकर्ताहरूको संख्या बीस-पच्चीस लाख हाराहारी छ ।

त्यसैगरी, बाबुराम-उपेन्द्र यादव, माधव नेपाल र विप्लवको नेतृत्वमा रहेका दलहरूलाई समर्थन गर्ने जनता कार्यकर्ताहरूको पंक्ति पनि विशाल छ । दक्षिण कित्तामा रहेका राप्रपा पनि यतिखेर केन्द्रीय अधिवेशनको तयारीमा छ । उसको पक्षमा पनि उपेक्षा गर्न नसकिने जनमत रहेको छ । विप्लव नेतृत्वको दलबाहेक माथि उल्लेख गरिएका अन्य सबै दलहरू विगत अनेकौं दशकदेखि सरकारको नेतृत्व गर्दै आएका छन् । दलहरूका पछि लागेका समर्थक र शुभचिन्तकहरूको संख्या हेर्दा किटानीका साथ यो भन्न सकिन्छ कि मुलुकको जनसंख्याको अनुपातमा राजनीतिक दलका नेता-कार्यकर्ताहरूको संख्या सबैभन्दा धेरै भएको विश्वमा यदि कुनै मुलुक छ भने त्यो नेपाल हो ।

दलहरू वरिपरि दशौं लाख जनता लामबद्ध भएको तथ्यलाई हेर्दा यो पनि त्यत्तिकै ढुक्क भएर भन्न सकिन्छ कि शायद विश्वमा नेपाल नै यस्तो मुलुक हो, जहाँ एकातिर जनताले दलहरूलाई सबैभन्दा बढी सराप्ने गरेका छन् भने अर्कोतिर समर्थन पनि त्यसरी नै जनाउने गरेका छन् । यसमा विचित्रको विरोधाभाष देखिन्छ । मुलुकको दुरवस्थाका लागि दलहरूलाई गाली गर्नु र अर्कोतिर तिनै दलहरूप्रति जनताको आकर्षण देखिनु कसैकसैका लागि राजनीतिक र समाजशास्त्रीय पहेंली हुन सक्छ । तर मुलुकमा दलहरूप्रति जनतामा देखिएको जबरजस्त आकर्षणका पछाडि ती दलहरूको विगतको बलिदानीपूर्ण संघर्षको इतिहास र दलहरूले नै मुलुकको उद्धार गर्न सक्छन् भन्ने जनविश्वास नै हो । इतिहासमा यी सबै दलहरूले सामन्ती र निरंकुश शासनको अन्त र लोकतान्त्रिक समाजको स्थापना गर्न संघर्ष र बलिदानका ठूलठूला कीर्तिमान कायम गरेका छन् ।

नेपाली कांग्रेस, एमाले वा माओवादी जस्ता दलहरूले जनताको समर्थन पाउनुका पछाडि यही नै एउटा प्रमुख कारण हो । गत निर्वाचनमा ६७ प्रतिशत मतदान भएको थियो । विदेशमा भएका अनुमानित ३०-३५ लाख नेपालीहरूलाई मतदानको अधिकार दिएको भए यो ८० प्रतिशत पुग्ने थियो भनेर ढुक्क हुन सकिन्छ । दलहरूलाई जति नै गाली गरे पनि निर्वाचन हुँदा अन्तत: तिनै दलहरूलाई भोट दिएर जिताउनुले राजनीतिप्रतिको यसै जनआकर्षणलाई पुष्टि गर्दछ । यद्यपि जनताले मत कसलाई दिन्छन् वा मतदानमा भाग लिन्छन् वा लिन्नन् भन्ने कुरा केही हदसम्म पैसा, प्रलोभनलगायत विभिन्न फ्याक्टरमा भर पर्दछ ।

तर पैसा वितरण गर्न र प्रलोभन देखाउनका लागि पनि राजनीतिक दलहरूको न्यूनतम संगठनको आधार त चाहिन्छ नै । त्यसैले, ठूला दलहरूलाई सबै मतदाताले पैसा र अन्य प्रलोभनमा परेर भोट दिएका हुन् भन्ने कुरा पनि सही होइन । सही कुरा त यो हो कि यी दलहरूको पक्षमा जब्बर जनआकर्षण छ । दलहरूप्रतिको जनआकर्षण यस हदसम्म छ कि विश्वभरि छरिएर रहेका लाखौं नेपालीहरूसमेत नेपालको कुनै न कुनै दलमा विभिन्न प्रकारले आबद्ध रहेका छन् । राजनीतिप्रतिको यो लोभलाग्दो आकर्षण विश्वको कुनै पनि देशमा शायदै छ । मुलुकका ठूला राजनीतिक दलहरूको भरपर्दो विकल्प नदेखिनु पनि दलहरूप्रतिको आकर्षणको एउटा अर्को महत्वपूर्ण कारण हो । वैज्ञानिक समाजवादको नारा किरण, विप्लवलगायतका वामवृत्तको नेतृत्वपंक्तिले दिने गरेको छ ।

उदार र कल्याणकारी लोकतन्त्रको नारा साझा विवेकशील पार्टीले दिने गरेको छ । तर, जनताले यसलाई भरपर्दो विकल्पका रुपमा देखिरहेका छैनन् । त्यसैगरी सनातन हिन्दू राष्ट्रको नारा पनि कतिपय दक्षिणपन्थी दलहरूले अगाडि सारेका छन्, त्यसमा पनि जनताको आकर्षण देखिदैन । भरपर्दो विकल्पको अभावमा जनताले पारम्परिक दलहरूलाई जोखिमरहित देख्नु स्वाभाविक हो । पारम्परिक दलहरूप्रतिको जनताको आकर्षणको अर्को कारण सत्ता र शक्तिसँग जोडिएको छ ।

नेपाली कांग्रेस, एमाले, माओवादी पार्टी दशकौंदेखि सत्ता र शक्तिको अभ्यास गर्दै आइरहेका छन् । जनता शक्तिका पूजारी हुन्छन् । सत्ता र शक्तिसँग निकट हुनु आमजनताको बाध्यता र अभिलाषा दुवै हुन्छ । नीति, नियम, कानुनको कार्यान्वयन कमजोर रहेको हाम्रो जस्तो मुलुकमा शिक्षा, स्वास्थ्य, रोजगार, विकास, बजेट आदि सत्ताधारी दलहरूको निकट रहेर मात्र हात पार्न सकिन्छ भनेर जनताको ठूलो हिस्साले उक्त ठूला दलहरूलाई समर्थन गरेका हुन् ।

राजनीतिक दलहरूको छहारीमा जनता र कार्यकर्ताले आफूलाई सुरक्षित ठान्ने रुझानलाई नेपाली समाजले बोकेको एउटा विशिष्ट चरित्र पनि मान्न सकिन्छ, जसका सकारात्मक र नकारात्मक दुवै पक्ष रहेका छन् । विगतमा निरंकुश शासनतन्त्रका विरुद्ध राजनीतिक दलहरूको आह्वानमा लाखौं लाख जनता ज्यानको पर्वाह नगरी सडकमा ओर्लिनु नेपाली राजनीतिको अत्यन्त सबल र उज्यालो पक्ष थियो । यही जनसहभागिताले नै परिवर्तन सुनिश्चित गरेको हो । यद्यपि यो परिवर्तन पूर्ण छैन ।

संघर्षका दौरान दलहरूलाई साथ दिएका जनता सत्तामा पुगेपछि तिनै दलहरूका पछाडि ठूलो संख्यामा गोलबन्द हुनुलाई अन्यथा लिन सकिन्न । तर दलहरूका पछाडि आज लामबद्ध देखिने कार्यकर्ता र समर्थकहरूको अग्रपंक्तिमा ठूलो संख्या हिजोको निरंकुशतन्त्रमा हालीमुहाली गरेका मानिसहरूकै रहेको देखिन्छ । दलहरूप्रतिको जनआकर्षणको यो नकारात्मक र विकृत पाटो हो । राजनीतिक परिवर्तनलाई परिणाममुखी र जनमुखी बनाउन वा विद्यमान राजनीतिको राम्रो विकल्प दिनका लागि पनि धेरैभन्दा धेरै जनता राजनीतिमा आउनु आवश्यक हुन जान्छ । तर यस्तो राजनीतिकरण सत्ताको छहारीमा सुरक्षा खोज्ने मनोविज्ञानबाट टाढा हुनु पर्दछ । ठेक्का पट्टा, लाइसेन्स, राजनीतिक नियुक्ति, वैदेशिक रोजगार आदि अवसरहरू हासिल गर्नका लागि होइन, समाज रुपान्तरणका लागि राजनीतिमा प्रवेश गर्नुपर्छ भन्ने मान्यताको विकास दलहरूमा नहुँदासम्म संख्यागत रूपमा दलहरू वरपर कार्यकर्ता र समर्थकहरूको विशाल जमात त निर्माण भैरहने हुन्छ तर त्यसको भूमिका दललाई चुनाव जिताउनमा मात्र सीमित हुन्छ । त्यसले लोकतन्त्र सुदृढ गर्न र समाजलाई अग्रगति दिन सक्तैन ।

निहित स्वार्थका लागि राजनीतिक छहारी खोज्ने प्रवृत्तिले दलहरूप्रति जनआकर्षणको अर्को विकृति र नकारात्मक प्रवृत्तिको प्रतिनिधित्व गर्दछ । एमालेदेखि माओवादीसम्मका र अन्य दलहरूका पनि केन्द्रदेखि स्थानीय तहसम्मका कमिटिहरू ठूला र भारी भरकम बन्न पुग्नु राजनीतिक दलहरूप्रतिको यसै जनआकर्षणको परिणाम हो । धेरैजसो दलका केन्द्रीय समितिका बैठकहरू मुलुक र जनताका ज्वलन्त मुद्दाहरूमा गहन चिन्तन मन्थन गर्ने थलोका रूपमा होइन, उपस्थिति जनाउने कार्यक्रमका रुपमा खुम्चिन पुगेका छन् । दुई तीन सयको संख्या रहेको केन्द्रीय समितिको बैठकमा सबैलाई विचार राख्न दिएर कुनै विषयमा निष्कर्षमा पुग्नका लागि बैठक कम्तिमा पनि साता दश दिनसम्म चलाउनु पर्ने हुन्छ, जो व्यवहारिक हुँदैन ।

यसरी बैठक गर्न सम्भव नभएपछि अन्तत: बैठकका महत्वपूर्ण एजेण्डाहरूमा निर्णयको अधिकार मुख्य नेतृत्वलाई नै दिने बाध्यकारी परिस्थिति यसबाट सृजना हुन जान्छ । यसले सामूहिक नेतृत्वको अन्त हुन गई नेतृत्व निरंकुश बन्ने र अन्तत: नेतृत्वको देवत्वकरण हुने खतरा उत्पन्न हुन्छ । जनताप्रति समर्पित, निष्ठावान, योग्य, अनुभवी र स्वच्छ छवि भएका नेताहरूको चुस्त कमिटि निर्माण गरेर मात्र विद्यमान स्थितिलाई बदल्न सम्भव छ । दलहरूलाई लोकतान्त्रिक विधिपद्धतिमा अगाडि बढाउने, तिनमा सामूहिक नेतृत्व प्रणालीको विकास गर्ने र मुलुकका ज्वलन्त समस्याहरू समाधान गर्नका लागि नीति योजना तर्जुमा गर्ने केन्द्रका रुपमा विकास गर्न सकेमात्र दलहरूले आफ्नो औचित्य पुष्टि गर्न सक्छन् । - रातोपाटी

# कांग्रेसजन इतिहासको फरक छुट्याऊ !



कुलचन्द्र वाग्ले

भाषणमा असल आचरणको शिक्षा सुनाइन्छ र पार्टीमा तेरो, मेरो होइन, हाम्रोभन्दा राम्रो कार्यकर्तालाई जिम्मेवारी दिनुपर्ने मान्यता व्यक्त गरिन्छ ।

नेपाली कांग्रेसको १४ औं महाधिवेशन आज २४ गते शुक्रवार राजधानी काठमाडौंमा आरम्भ हुने भएको छ । घोषित मिति बारम्बार परिवर्तन गरेको कांग्रेसले अब भने महाधिवेशनको मिति नसार्ने देखिएको छ । अकल्पनीय खण्डखातिर बेग्लै कुरा भयो । क्रियाशील राजनीतिक दलहरुमा सबैभन्दा अग्रज एवं सैद्धान्तिक मान्यतामा सधैं अडिग छवि बनाएको कांग्रेस कस्तो हुनुपर्नेमा भयो कस्तो ? यो बहस यतिबेला विभिन्न कोणबाट उठे, उठाइएका छन् । पार्टीमा आन्तरिकसमेत, चासो राख्ने वाह्य समाज पनि कांग्रेसलक्षित बहसमा सहभागी छ । नजिकैका आँखा र अन्तर्राष्ट्रिय दृष्टि पनि छ ।

सात दशक लामो सक्रिय ऐतिहासिक यात्रामा सदा झैं यसपटक पनि महाधिवेशन सम्मुख आएका विचार र व्यक्त सामाजिक अपेक्षालाई वर्तमान कांग्रेस नेतृत्वले कसरी ग्रहण गरेको छ ? बुझ्न सहज छैन । बुझ्ने विचार र प्रदर्शित व्यवहारले हो । त्यो अहिले ३६ को आँकडाको आकारजस्तो छ । नेतृत्व तहका सबैको बुझाइ र गराइमा छत्तीसको आँकडा छ भन्न नमिल्ला । नेतृत्व पंक्तिमा सामेल तर थप माथि जाने नेतृत्व आकांक्षी ऊर्जाशील पुस्ताका प्रतिनिधिले आफ्नो पार्टीको विषयमा आएका विचार र बहसलाई गम्भीर हेराइमा राखेको हुनसक्छ । विचार र व्यवहारमा समन्वय, सन्तुलन राख्नुपर्ने प्रेरणा ग्रहण गरेको पनि हुनसक्छ, जसको प्रमाण आगामी दिनमा पाइनेछ । यही प्रसंगमा नेताका अभिव्यक्ति र क्रियाबीच तादात्म्य कस्तो देखिन्छ भन्ने प्रश्नको तुलनात्मक अनुभव सान्दर्भिक लाग्छ । कुनै पनि नेताले अभिव्यक्ति सकभर सुन्दर नै दिने कोसिस गरेको सुनिन्छ । कतिपय सन्दर्भमा आफ्नै अनुभव उद्धरण गर्दा नेताका भाषण र विचार सुन्दा आल्हादित भइएको छ । तर, नजिकबाट व्यवहारको स्वाद चाख्दा भने उल्टो र तीतो अनुभूति भएको छ । कांग्रेस महाधिवेशनको विषय रहेकाले अन्य दलको किन कुरा गर्ने ? तिनीहरु पनि त्यस्तै, अझ तल्लो दर्जाका छन् भन्न मिल्छ । कांग्रेसका सबै हैन सान्निध्य पाएकामध्ये केही नेताको सार्वजनिक भाषण वा विचारमा कार्यकर्तालाई गुटमा नलाग्न आग्रह गरेको सुनिन्छ । खासगरी पार्टी सम्बद्ध कार्यक्रममा राम्रोलाई राम्रो भन्ने र खराबलाई आलोचना गर्ने खरो एवं निडर कार्यकर्ता हुनुपर्छ भनिन्छ ।

भाषणमा असल आचरणको शिक्षा सुनाइन्छ र पार्टीमा तेरो, मेरो होइन, हाम्रोभन्दा राम्रो कार्यकर्तालाई जिम्मेवारी दिनुपर्ने मान्यता व्यक्त गरिन्छ । कार्यकर्ताको मूल्यांकन हुने ढाढस दिइन्छ । कसैले पनि पार्टी सम्बद्ध आन्तरिक कार्यक्रममा व्यक्त नेताको मन्तव्य सुन्ने सहभागीले यसभन्दा विपरीत वा अर्को प्रकारको स्वर बिरलै सुनेका होलान् । गुञ्जिएको यति मीठो स्वरले उत्तेजित त्यहाँका स्रोता ताली पिट्न जुरुक जुरुक देखिन्छन् । तर, अब फर्कौं केही त्यस्ता नेताको भनाइ पछिको भोगाइको व्यथा व्यक्त गर्नेहरुको गथासोतर्फ । भोक्ताहरु भन्छन्- 'नेताहरु भन्छन् एकथोक, गर्छन् अर्कै थोक ।

लेख्छन्, बोल्छन् एकथरी काम गर्छन् अर्कैथरी ।' राजनीति र नेताप्रतिको अविश्वासको पहिलो जड यही भनाइ र गराइमा भिन्नता वा उल्टो पाइनु र देखिनुबाट नै हो । नेपाली नेतामा यस्ता उदाहरण बग्रेल्ती पाइन्छन् । तिनको विचार पढौं, सुनौ । व्यवहार हेरौं, बुझौं र भोगौं । आफैं छर्लङ्ग होइन्छ । विद्यार्थीलाई दिइने 'फरक छुट्याऊ' भन्ने तरिकाको प्रश्नोत्तर बोध गर्न सकिन्छ, एक प्रकारको बुद्धत्व ।

व्यक्ति केन्द्रित, पदासीन नेताका नाममा गुट, उपगुट र भुरे गुटहरु किन जन्मिए ? गुटहरु केन्द्रमा पनि छन् र स्थानीय तहमा पनि छन् । स्थानीय पदासीन नेताको नाममा पनि गुट बनाइएको छ । जहाँ सक्यो त्यहीँ गुट जन्माइएको छ । किन यस्तो भयो ? के ती नेताले दिएको आदर्श भाषणको अनुसरणले गुट भएका हुन् ? कि तिनै नेताको व्यवहारको कारण व्यक्ति केन्द्रित गुटहरुको जगजगी बढेको हो ? तेरो, मेरोको पक्षपात र अन्याय गर्ने नेताकै व्यवहारका कारण गुटहरुको लाम लागेको हो । विचार समूह होइन, व्यक्ति गुट जन्माइएका छन् । नेताहरु आफैंलाई विचार ठान्न थालेका छन् । विचार र आफूबीचको भिन्नता उनीहरुलाई 'भालुको के रौं, के आँखी भौं'जस्तै बोध हुन थालेको आभास हुन्छ । ब्रह्मास्मि अहङ्कारले नेतृत्वको गुरुत्व धान्न सकेको छैन । फलत: देशको राजनीति विकृतिको पेटारो भएको छ । सम्झनाबाट एउटा घटना उधिन्दा - कार्यक्रम थियो प्रजातान्त्रिक विचार समाजको । प्रमुख अथितिदेखि अथिति सबै नेपाली कांग्रेसका शीर्ष नेता । स्रोता अधिक प्रजातन्त्र समर्थक, स्वतन्त्रता प्रेमीहरु । सामाजिक भाषामा बुद्धिजीवी भनिने धेरै । भीषण भाषण चल्यो, अर्ति उपदेशका कुरा, तर्कको बौछार र उन्नत संस्कारको अभिव्यक्तिले सभाहल गद्गद् उठ्यो ।

कार्यक्रम समापन भयो । बिहानी भोजनको बेला, भाषणमा उचाइ सगरमाथाकै दिने नेता । शालीन लाग्ने र केही खुल्नसक्ने भएर मैले उनैलाई सोधेँ- दाइ तपाईंले अघि दिएको भाषण जस्तै मैले वा कसैले व्यवहार निर्धक्क गरे के तपाइँ क्षमा दिनुहुन्छ ? विनापक्षपात सँगै समेट्नु हुन्छ ? उत्तर शब्दमा पाइन, केवल मृदु मुस्कान ।

तेरो, मेरोबीच उनको व्यवहार हेरिरहेको छु र स्वच्छ सगरमाथा झैं चम्किने भाषण अझै सुनिरहेको छु । यस्तै छ नेपाली नेताको चारित्र, व्यवहार । नेताहरुले गुट, उपगुट र भुरे टाकुरे गुटहरुमा छियाछिया पारेको नेपाली कांग्रेसमा अर्को समूह विभाजन गरिँदैछ । त्यो स्वाभाविक लागे पनि अस्वाभाविक परिणामदायी हुनसक्छ । तरुनो र बूढो समूह विभाजन । यस्तो विभाजनले तरुनोप्रति ईर्ष्या र बूढोप्रति घृणाभाव बढाउने जोखिम देखिएको छ ।

नेपाली कांग्रेसको महाधिवेशनसँगै अत्यन्त चर्चामा आएको छ यो समूह विभाजनको बहस । बहस ठीक तर शैली बेठीक । केही माग्छन् नेतृत्वमा पुस्तान्तरण, केही भन्छन् रुपान्तरण । तर, भनेको सुनिदैन- 'पुस्ता संयोजन र विचार संयोजन वा सम्मिलन ।' 'अनुभव र ऊर्जाको लगनगाँठो कसौं' भनेको कतै घन्किँदैन । घर, परिवार, संस्था, संगठन सबैमा हुन्छ यस्तो लगनगाँठो अर्थात् वयको सिलसिला ।

स्वाभाविक विषयलाई अस्वाभाविक बनाइनु हुँदैन । पुस्तान्तरण कसैले रोक्न वा छेक्न सक्छ ? त्यो त पानी बगेजस्तो न हो, गतिको भिन्नता हुन्छ, लय हुन्छ । लयमा प्रयत्न हुनुपर्छ । बस् । कांग्रेसमा पुस्तान्तरणलाई चिनौ त । नेतृत्वको तह वा लहर भऱ्याङको सिँढी वा किताबको खातजस्तो लहरै देखिन्छ । माथिदेखि तल, तलदेखि माथि । उदाहरणमा हेरौं त गगन थापाको कोही अरु नेता, अरुलाई उनै गगन नेता । होइन त ? रुपान्तरणलाई पो बल गर्न मिल्छ, धक्का दिन सकिन्छ । विचारले रुपान्तरण, विचारमा रुपान्तरण र व्यवहारमा परिष्कारबाट थोत्रो शैली फाल्न सकिन्छ । कांग्रेस पुस्ता, विचार र व्यवहारको संयोजन हो । यसका लागि ऊर्जा चाहिन्छ । ऊर्जा युवामा बढी हुन्छ, जीवन पनि । ठूलो मुढो पनि बाल्ने, सल्काउने त झिँजाले न हो ।

गुट उपगुटले थिच्दै लगेको राजनीतिलाई खर्चिलो चुनावी तरिकाले थप बोझिलो बनाएको छ । गुट भत्काउन र मितव्ययी निर्वाचन मतदान प्रक्रियाको लागि वैकल्पिक तरिका अपनाउन सकिन्छ कि ? यसपटक नभए पनि आगामी दिनलाई ? समूह विभाजन कटुतामा होइन, मित्रतामा भन्ने सन्देश दिन सकिन्थ्यो कि ? नेपाली कांग्रेसको महाधिवेशनमा यी, यस्ता विषयमा चर्चा हुनुपर्थ्यो । देशमा थपिँदा समस्याको निदान र समाधानका उपाय खोजिनु पर्थ्यो, संस्थागत भाषा बोलिनु पर्थ्यो । तर यसपटक 'हलुवामा बालुवा' मिसिएजस्तै देखिएको छ कांग्रेसको हविगत ।

गाउँगाउँबाट आएका कार्यकर्ताले कांग्रेस विचार सुन्न नपाउने । नीति बुझ्न नपाउने र आफ्नो जिज्ञासा जस्ताको तस्तै झोला बोकेर घर फर्कनुपर्ने । विचारको खुराक छैन । महाधिवेशन प्रतिनिधि आऊ । दाल, भात, तरकारी, मासु, अचार खाऊ । नेताहरुको तामझाम हेर । हात जोड, जय नेपाल भन । तिमी कार्यकर्ता हौ, दोस्रो दर्जाको । कस्तो हुनुपर्ने कांग्रेस ? कस्तो भयो ? यो सबै नेतालाई जिम्मा लगाऊ । उम्मेदवारलाई भोट खन्याऊ । जय नेपाल । घर फर्क जाऊ । अरु किन जान्नु पर्यो र ? यही हो नेपाली कांग्रेस ? राजधानी उपत्यका घुम हेर । यात्रा सदुपयोग गर । महाधिवेशनमा आएका कार्यकर्ताले बुझ्ने यत्ति हो ? भिडमा बुझिने कांग्रेस कस्तो ? हिजो विचारको सर्जक र प्रसारक, नेपाली कांग्रेसको महाधिवेशनमा आएका प्रतिनिधिले अहिले इतिहासको फरक छुट्याऊ, अतीतको भेउ पाऊ र भावी दिनको तर्कना गर । यत्ति भए गनिमत ! - साभार: बाह्रखरी

# हार्दिक बधाई तथा शुभकामना

'सबै अट्ने देश, सबैलाई जोड्ने कांग्रेस'







हेटौंडा उपमहानगरपालिका वडा नं. १ लाई
राजनीतिक धरातल बनाएर अघि बढ्नुभएकी समाजसेवी, महिला नेतृ

**श्री जानकी गिरीज्यू**

नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत
बागमती प्रदेशको प्रथम अधिवेशनबाट प्रदेश कार्यसमिति सदस्यमा
बिजयी हुनुभएकोमा हामी अत्यन्तै गौरवान्वित भएका छौं ।
आगामी दिनहरुमा पनि उहाँको उज्ज्वल राजनीतिक भविष्यको कामना गर्दै
हार्दिक बधाई एवम् कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

---

हरिकृष्ण महर्जन (इकाई सभापति) एवम्

# नेपाली कांग्रेस

**हेटौंडा उपमहानगरपालिका वडा नम्बर १ इकाई समिति, परिवार**

# गिरिजाले ल्याए 'मकवानपुरमा मिडिया'

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरलाई कार्यक्षेत्र बनाएर दुई दशकदेखि पत्रकारितामा सक्रिय गिरिजा अधिकारीले 'मकवानपुरमा मिडिया' नाम अनुसन्धानमुलक पुस्तक ल्याएका छन् ।

अधिकारीले लेखेको पुस्तक बिहीबार हेटौंडामा राइनिसी मिडिया एण्ड रिसर्च सेन्टरले सार्वजनिक गरेको छ । 'मकवानपुरमा मिडियामा' मकवानपुरमा मिडियाको इतिकास, पत्रकारिताको अवस्था, विकासक्रम र आगामी दिनमा जिल्लाका मिडियाले खेल्नुपर्ने भूमिका समेटिएको छ ।



पुस्तकमा इतिहाससँगै, जिल्लामा हाल पत्रकारिताको अवस्थालाई चित्रण गर्दै क्रियाशिल पत्रकारबारे परिचय दिइएको लेखक अधिकारी बताए । उनले आफ्नो अनुभवलाई पुस्तकमार्फत उर्तान खोजिएको दाबी गरेका छन् । हेटौंडामा एक कार्यक्रमका बीच बागमती प्रदेश प्रमुख यादव चन्द्र शर्मा, सामाजिक विकास मन्त्री कुमारी मोक्तान, प्रदेशसभा सदस्य मुनु सिग्देल, अग्रज साहित्यकार रामचन्द्र आचार्य फुर्सती र राइनिसी मिडियाका अध्यक्ष नवराज न्यौपानेले पुस्तकको संयुक्त बिमोचन गरेका थिए ।

बिमोचनपछि प्रदेश प्रमुख शर्माले लेखनयात्राको निरन्तर ताको कामना गर्दै पत्रकारहरुले हिनताको भावनालाई त्यागेर देश र जताप्रति जवाफदेही हुँदै सत्यतथ्य समाचारलाई जनतासामु सुसूचित गर्न आग्रह गरे । उनले पत्रकारिता राजनीतिक दलको छायाँ बन्न नहुने र जनप्रतिनिधि तथा सरकारका उच्च पदस्थ अधिकृतहरुले गरेका अनियमित कार्यको लागि सत्यतथ्य समाचार सार्वजनिक गर्न आफुमा दृढता हुनुपर्ने बताए ।

कार्यक्रममा बागमती प्रदेश सामाजिक विकासमन्त्री कुमारी मोक्तानले प्रदेश सरकारले पत्रकारिता क्षेत्रलाई स्वतन्त्रतापूर्वक समाचार सम्प्रेषण गर्न अभिप्रेरित गर्दै आएको उल्लेख गर्नुहुँदै लोककल्याणकारी विज्ञापन समानुपातिक ढंगबाट सबैलाई वितरण गर्न सरकारले उच्च प्राथमिकतामा राखेको बताए ।

उनले कोभिड १९ का संक्रमणबाट प्रभावित भएका सर्वसाधारण नागरिकहरुलाई कोरोनाविरुद्धको खोप लगाउने र सबै सरकारी अस्पतालहरुमा गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक जनशक्ति र बजेट उपलब्ध गराइएको बताइन् ।

त्यस्तै बागमती प्रदेशसभा सदस्य मुनु सिग्देलले मुलुकको प्रजातन्त्र राष्ट्रियता सर्म्वद्धनको लागि प्रेस स्वतन्त्रता अपरिहार्य रहेको उल्लेख गर्दै पहुँचमा नरहेका जनताहरुलाई भौतिक पूर्वाधार, स्वास्थ्य उपचार गर्ने र आर्थिक सम्मृद्धिको लागि प्रदेश सरकारले निश्पक्षका साथ विशेष कार्यक्रम तर्जूमा गरी लागू गर्न आग्रह गरिन् ।

कार्यक्रममा सो पुस्तकका लेखक हेटौंडा उपमहानगरपालिका वडा नम्वर ५ निवासी अधिकारीले मकवानपुरमा पत्रकारिता क्षेत्रका इतिहासको साथै युवा पुस्तालाई पत्रकारिता क्षेत्रमा संलग्न हुने स्रोतको रुपमा रहेको सो पुस्तक निकै उपयोगी हुने विश्वास व्यक्त गर्दै पत्रकारितामा लाग्ने युवा पुस्ताले आफ्नो जीवनशैलीलाई कठिनाई भोगेर भएपनि पत्रकारिता क्षेत्रको विकासलाई निरन्तरता दिन आग्रह गरे ।

उक्त पुस्तकको समिक्षक रामचन्द्र आचार्य फुर्सती, नेपाल पत्रकार महासंघ बागमती प्रदेश उपाध्यक्ष रुपेश दुलाल र पुस्तक प्रकाशक संस्था राइनिसी मिडिया एण्ड रिसर्च सेन्टरका अध्यक्ष नवराज न्यौपानेले उक्त पुस्तक सार्वजनिकीकरण गरिएबाट मकवानपुरका युवा जगतलाई पत्रकारिता क्षेत्रको माध्ययमबाट मुलुकमा देखिएको भ्रष्टाचार विसंगती र हिंसालाई न्यूनिकरण गर्न सहयोग पुग्ने बताए ।

कार्यक्रममा बकैया गाउँपालिकाका अध्यक्ष दामोदर खनाल, नेकपा एमाले मकवानपुरका अध्यक्ष बद्रीप्रसाद लम्साल, एकपा एकीकृत समाजवादी पार्टी मकवानपुरका अध्यक्ष श्रीधर पोखरेल, नेपाली कांग्रेस मकवानपुरका प्रवक्ता प्रदिप कोइराला, प्रदेश युवा परिषद् बागमती प्रदेशका कार्यकारी उपाध्यक्ष सन्तोष चौँलागाई, ब्रोडकास्टिङ एशोसिएसन अफ नेपालका केन्द्रीय उपाध्यक्ष उज्जवल चौँलागाईलगायत मकवानपुरका संचारकर्मी र विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## विपन्न परिवारलाई खाद्यान्न

साझाकुरा संवाददाता

हेटौंडा/जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाको टिष्टुङका विपन्न परिवारलाई खाद्यान्न सहयोग गरिएको छ ।

थाहा नगरपालिका-११ का वडा अध्यक्ष किरणमान बलको पहलमा टिष्टुङका ४१ परिवारलाई नुनदेखि चामलसम्म खाद्यान्न उपलब्ध गराइएको हो । जागृति बाल तथा युवा सरोकार नेपालले खाद्यान्न उपलब्ध गराएको थियो । वडाध्यक्ष बलले विपन्न वडाबासीलाई प्रतिपरिवारका दरले २५ केजी चामल, दाल २ केजी, गेडागुडी २ केजी, नुन १ केजी, तेल १ लिटर, जिरा आधा केजी, चिनी १ केजी, मस्यौरा २ प्याकेट र २ केजी चिउरा प्रदान गरेका हुन् । उनले विपन्न परिवारको साथमा वडा कार्यालयसँगै रहेकाले यतिमात्र नभई आगामी दिनमा थप सहयोग गर्ने विश्वास दिलाएका छन् ।

वडा अध्यक्ष बलले समुदायस्तरमा दुरगामी प्रभाव पार्ने बिरामी बोक्ने स्टेचरपनि उपलब्ध गराएका छन् । भौगोलिक रुपले विकट वडाका १० वटा टोलमा स्थानीय बिरामी पर्दा बोकेर ल्याउन स्टेचर सहयोग गरेको वडाध्यक्ष बलले बताए ।

'११ नम्बर वडामा भौगोलिक रुपले विकट क्षेत्रहरुपनि छन् । कतिपय ठाउँमा सडक पुग्न सकेको छैन् । त्यस्तो अवस्थामा बिरामीलाई समयमै स्वास्थ्यचौकी र अस्पताल ल्याउन स्टेचर उपलब्ध गराएका हौं ।,' बलले भने ।

वडा अध्यक्ष बलले टिष्टुङ स्वास्थ्य चौकीलाई २१ प्रकारका स्वास्थ्य सामग्रीपनि उपलब्ध गराएका छन् ।

# सरकारले राज्यका निकायलाई ध्वस्त बनाएको भट्टराईको आरोप

साझाकुरा संवाददाता

हेटौंडा/नेकपा एमालेका केन्द्रीय सचिव योगेश भट्टाराईले बर्तमान गठबन्धनको सरकारले राज्यका सबै निकायलाई ध्वस्त बनाएको आरोप लगाएका छन् ।



बिहीबार हेटौंडामा प्रेस चौतारीले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै भट्टराईले अहिले गठबन्धनको सरकारले मुलुकको मुख्य अंग कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका सबैलाई अस्थिर बनाउँदै ध्वस्त बनाएको आरोप लगाएका हुन् । 'शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले कार्यपालिका भाठबन्डामा गठन, कार्यपालिकाको सवालमा संसदलाई बन्धक बनाइएको छ र न्यायपालिकालाई नांगेभार बनाएको छ ।' उनले भने, 'न्यायपालिकाको इज्जत प्रतिष्ठालाई त अझ सरकारले पूरै सखाप बनाइसकेको छ ।'

उनले मुलुकका महत्वपूर्ण अंगलाई बचाउनका लागि पनि छिट्टोभन्दा छिट्टो जनादेशमा जान जरुरी रहेको दाबी गरे । भट्टराईले मुलुकमा छिट्टो निर्वाचन गराउन जरुरी रहेको र लोकतान्त्रिक ढंगले मुलुकमा स्थायित्व बनाउन एमाले कटिबद्ध भएको बताए । नेकपा फुटेर एमाले, माओवादी आ-आफ्नो बाटोमा लागिसकेपछि एमालेलाई थप सुदृढ बनाउँदै अघि बढ्न सहज भएको भट्टाराईको धारणा छ । 'अब नेपाल दुई वटा मात्र धार रहने छ ।' उनले भने, 'एक कम्युनिस्ट बिचारधारा राख्ने बामपन्थी बिचार बाकेर हिँड्ने बाम प्रगतिशील नेकपा एमाले र उदारबादी, पूँजीबादीहरुको नेतृत्व गर्ने नेपाली काँग्रेस ।'

उनले यी दुई पार्टीबीच मात्र नेपालमा प्रतिस्पर्धा हुने भएकाले अरु पार्टीहरु यी दुई दलमा समाहित हुनेबाहेक विकल्प नरहेको बताए । भट्टराईले डा.भीम रावल अध्यक्ष केपी ओली शर्मासँगै प्रतिस्पर्धामा उत्रिए पनि त्यो लोकतान्त्रिक प्रतिस्पर्धामै सीमित भएको र अध्यक्षमा मतदान प्रक्रिया हुँदैमा पार्टी फुट्ने वा विभाजनको मार्गमा अघि बढ्ने संज्ञा दिइनु गलत भएको र यस्ता विषयहरु अबुझहरुले उठान गरिरहेकोले योसवालमा कुनै तुक नरहेको प्रष्ट पारे ।

उनले काँग्रेसले आफ्नो महाधिवेशनमा कुनैपनि नयाँ विचार प्रतिपादन गर्न नसक्ने बताउँदै काँग्रेस इतिहास भएको तर, भविष्य नभएको पार्टीका रुपमा अघि बढिरहेको ठोकुवा गरे । 'काँग्रेस इतिहास लामो भएको तर, भविष्य छोटो भएको पार्टी हो ।', उनले भने, 'एमाले इतिहास र भविष्य दुबै लामो भएको पार्टी हो ।' प्रेस चौतारी मकवानपुर संयोजक धर्मेन्द्र दाहालको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा नेकपा एमाले मकवानपुर अध्यक्ष बद्री लम्साललगायतको उपस्थिति रहेको थियो ।

घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जवरजस्ती करणी, र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन् ।

कोही कसैवाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं ।
लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सन्तबहादुर झस्किएपछि...

पृष्ठ १ बाट बाँकी समाचार

'मलाई दाइले पत्र काटेर राख्दिएको छु भन्नु भएको थियो। त्यही पत्र दलको तर्फबाट मुख्यमन्त्रीलाई बुझाएर शपथग्रहण गर्ने कुरा थियो ।

स्थगित भयो भन्ने बारेमा मलाई कसैले केही पनि जानकारी नै दिएनन्', उनले भने । चेपाङका अनुसार उनलाई कांग्रेस बागमती प्रदेश सभापति तथा संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले बिहीबार मन्त्री बन्ने कुरा सुनाएका थिए ।

यता आफूलाई भौतिक पूर्वाधार विकास राज्यमन्त्रीको शपथग्रहण लिन भन्दै बानियाँ कांग्रेस महाधिवेशनका लागि काठमाडौं गएको चेपाङले बताए । दलको नेताले नै भनेपछि राज्यमन्त्रीको शपथग्रहण गर्न घरबाट प्रदेश र ाजधानी हिँडेका उनी झुक्किए ।

बिहीबार मन्त्रिपरिषद् विस्तार नभए पनि कांग्रेस महाधिवेशनपछि मन्त्रिपरिषद् विस्तार हुँदा भने चेपाङ कांग्रेसबाट राज्यमन्त्री बन्नेको पहिलो नम्बरमा नै पर्छन् ।

संसदीय दलको नेता बानियाँको प्रियपात्र हुनुको साथै पिछडिएको चेपाङ समुदायको सांसद पनि भएकोले उनी ढिलोचाँडो र ाज्यमन्त्री बन्ने भने पक्का छ ।

मुख्यमन्त्री पाण्डेले हाल कायम रहेको ८ मन्त्रालय फुटाएर भागबण्डा पुऱ्याउन १४ मन्त्रालय बनाइसकेका छन् । पार्टीहरुको महाधिवेशन र अधिवेशनपश्चात् ती मन्त्रालयमा मन्त्री र राज्यमन्त्री नियुक्त गर्ने उनको तयारी छ ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*
***Phone:***
***057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Public Relations | 1 | 18000-250000 | BBS/BBA completed |
| 6 | Receiptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.

**मतदाता नामावलीमा नाम दर्ता गराउने सम्बन्धि**

**प्रदेश निर्वाचन कार्यालय, हेटौंडाको सूचना**

मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८ अन्तर्गत २०७८ मंसिर १७ गतेदेखि २०७८ पौष २ गतेसम्म बकैया, मकवानपुरगढी, भिमफेदी, इन्द्रसरोवर र मनहरी गा.पा.को केन्द्रमा र २०७८ पौष ५ गतेदेखि २०७८ पौष १९ गतेसम्म बागमती, कैलाश, राक्सिराङ गा.पा. र थाहा न.पा. को केन्द्रमा र हेटौंडा उपमहानगरपालिकाको हकमा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयमा मतदाता नामावली संकलन कार्य हुने भएकाले मतदाता नामावलीमा नाम दर्ता गर्न छुटेका नेपाली नागरिकता प्राप्त व्यक्तिहरुले नागरिकता, बसाई सराइ, विवाह दर्ता प्रमाणपत्रको सक्कल र फोटोकपी समेत लिई आ-आफ्नो स्थानिय तहको केन्द्रमा वा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय, हेटौंडामा गई नाम दर्ता गराउनु हुन अनुरोध छ ।

**श्री मालपोत कार्यालय मकवानपुरबाट**

**मितिः २०७८/०८/२२ मा जारी भएको नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**


निवेदक-चन्द्र माया बल लामा (छोरी) ज.ध:- सिद्धिमान घिसिङ् (बाबु)

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा ५ को कि.नं. १३९५ को क्षेत्रफल ज.वि. ०-१३-१५ को जग्गाधनी तथा आफ्नो बाबु सिद्धिमान घिसिङको मिति २०७८/०५/२२ मा मृत्यु भएको र निज सिद्धिमान घिसिङको शेषपछीको हकदारमा निजको ३ पत्नीहरु क्रमश सोम कुमारी घिसिङ, कान्छीमाया घिसिङ र अन्तरीमाया घिसिङ भएकोमा निजहरुको क्रमश मिति २०२३/०४/१५, २०२७/०५/०५ र २०४३/०९/२५ मा मृत्यू भएको, जेठी पत्नी तर्फको १ मात्र छोरी म निवेदिका चन्द्रमाया बल लामा भएको, माइली पत्नी कान्छीमाया घिसिङको तर्फबाट १ मात्र छोरी आशा कुमारी घिसिङ भएकोमा निजको अविवाहित अवस्थामै मिति २०२८/११/०२ मा मृत्यू भएको र कान्छी पत्नी अन्तरीमाया घिसिङको तर्फबाट १ छोरा सुकुमान घिसिङ र १ छोरी पुर्णमाया घिसिङ भएकोमा निज सुकुमान घिसिङको अविवाहित अवस्थामा नै मिति २०५३/०२/०३ मा मृत्यू भएको र पुर्णमाया घिसिङको पनि मिति २०६३/१/२२ मा मृत्यू भएकोमा माथि उल्लेखित जग्गाको हकदारमा हाल म १ जना निवेदिका चन्द्र माया बल लामा मात्र भएकोले उल्लेखित जग्गा मेरो नाममा एकलौटी नामसारी गराईपाउँ भनी निवेदिकाले मकवानपुरगढी गाउँपालिका २ नंवर वडा कार्यालयको च.नं. ६१७ मिति २०७८/०८/०५ को सिफारिस, वडा सर्जमिन मुचुल्का, नाता प्रमाणित र सक्कल पुर्जा संलग्न राखी कार्यलयमा द.नं. ५६६० मिति २०७८/०८/०८ मा मागदावी निवेदन पेश गर्नु भएकोमा वडा कार्यालयको सिफारिस सहित मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा जग्गाधनी र निजको पत्नीको मृत्यू भएको, पुर्णमाया घिसिङको तर्फबाट जायजन्म भए/नभएको खुलेको नदेखिएकोले जग्गाधनीको हकदारहरु, पालन पोषण सदगद र जग्गाको हकभोगको सम्बन्धमा ३५ दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकासित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकाशित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भए पछी पेश गर्ने भएको आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।


अत: निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनीको कुनै छोराहरु भए वा जग्गाधनी र निजको पतिको पालनपोषण र सदगद अरु कोही कसैले गरेको भए वा जग्गाधनीको हकदारहरु चन्द्र माया बल लामा भन्दा बाहेक अरु कोही पनि भए वा निवेदकको मागदावि बमोजिम निवेदकको नाममा नामसारी गर्दा अरू कसैको कानुनी हक अधिकारमा वा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा निवेदकको माग बमोजिम नामसारी हुनु/गर्नु नहुने कुनै कारण भए यो सूचना प्रकाशित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

इति संवत २०७८ साल मंसिर महिनाको २२ गते रोज ०४ शुभम्................

**व्यक्तिगत घटना दर्ता**




**मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**
मक्रान्चुली, मकवानपुरगढी




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती,
फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**व्यक्तिगत घटना दर्ता**




**भीमफेदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय**
बागमती प्रदेश, मकवानपुर

**www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला ।**

*"तपाई, हामी सबैको कुरा"*

साझाकुरा

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल